# भीरकोट नगरपालिकाको स्वास्थ्य नीति २०७७

२०७७।१०।१०

## १. पृष्ठभूमि :

नेपालको संविधानले स्वास्थ्य सेवालाई जनताको मौलिकहकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा देशको स्वास्थ्य नीतिलाई समयानुकूल प्रभावकारी कार्यान्वयन गर्नको लागि स्थानीय सरकारको स्वास्थ्य नीति तयार गर्नु पर्ने र संविधान तथा कानुनले प्रत्याभूत गरेका स्वास्थ्य सम्वन्धि अधिकार कार्यान्वय गर्नु नगरपालिकाको समेत दायित्व हो भन्ने तथ्यलाई आत्मसात गर्दै स्थानीय सरकारका स्वास्थ्य नीतिहरु व्यवस्थित गर्ने तथा नागरिकको स्वास्थ्य र देशको समग्र विकास सम्बन्ध कायम राख्ने उद्देश्यले यो नीति तयार गरिएको हो । विगतमा गरीबी र द्वन्द्वका बावजुद पनि नेपालले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ । संक्रामक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धि हरूलाई कायम राख्नु, नवजातशिशु तथा मातृ मृत्युदरलाई घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धि विपद् व्यवस्थापन तत्काल गर्नु, स्वास्थ्य सेवावाट पहुंचमा पुग्न नसकेका नागरिकलाई सेवाको क्षेत्रमा समेट्ने, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो । यिनै प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीय आवश्यकताको पहिचान गरी यस क्षेत्रका समस्यालाई न्युनिकरण गर्नु स्थानीय सरकार को दायित्व हो । जन उत्तरदायि एवं कुशल व्यवस्थापनको माध्यमवाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी प्राप्त भएका उपलब्धिहरूको रक्षा गर्दै, नेपालले विभिन्न समयमा गरेका प्रतिबद्धताहरु एवं स्वास्थ्य क्षेत्रका विद्यमान चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गर्दै नागरिकको स्वास्थ्य सेवालाई व्यवस्थित रुपमा संरक्षण, सुधार र पुनस्थापित गर्न प्रस्तुत "भीरकोट नगरपालिका स्वास्थ्यनीति २०७७" तयार गरी जारी गरिएको छ ।

## २. समस्या तथा चुनौतीहरू:

नेपालको सन्दर्भमा हेर्दा स्वास्थ्य क्षेत्रले कतिपय उल्लेखनीय सफलता हासिल गरिसकेको र स्थानीय सरकारले सम्बोधन गर्नु पर्ने समस्या र चुनौतीहरू अझै विद्यमान छन् ।

केही प्रमुख समस्या तथा चुनौतीहरू निम्नानुसार छन :

क. संविधानको भावना अनुसार सबै क्षेत्र, तह, वर्ग र समुदायका नागरिकका लागि ग्रामिण तथा सहरी क्षेत्रमा स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच पुर्‍याउन आवश्यक छ ।

ख. ५ वर्ष मुनिका बालबालिका र प्रजनन उमेरका महिलाहरूमा रहेको न्यूनपोषण तथा सहरी क्षेत्रमा रहेको मोटोपनलाई उचित सम्बोधन गर्नु आवश्यक छ ।

ग. कोभिड १९ लगायत विभिन्न महामारी जन्य प्रकोप तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य समस्याहरुको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

घ. क्यान्सर, उच्चरक्तचाप, मुटुका रोगहरू, मधुमेह, मिर्गौला, कलेजो र फोक्सोका रोगहरूका साथै मानसिक रोग, दन्त रोग जस्ता नसर्ने प्रकृतिका रोगहरूको प्रकोप बढ्दो छ । त्यसैगरी बढ्दो खाद्य असुरक्षा तथा मिसावट ,सडक दुर्घटना र चोटपटकबाट हुने मृत्युको संख्या दिन प्रतिदिन बढ्दो छ ।

ङ. प्राथमिक स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य, मानसिक स्वास्थ्य, मुख स्वास्थ्य, वातावरणीय स्वास्थ्य, व्यवसायजन्य स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाहरुको स्वास्थ्य प्रवर्द्धन आदिमा नगरले पर्याप्त प्राथमिकता दिन आवश्यक रहेको छ ।

च. गुणस्तरीय उपचार तथा औषधीमा नगरवासीको पहुँच, औषधीको समुचित प्रयोग र वितरण प्रभावकारी  बनाउनु आवश्यक छ ।

छ. विद्यमान प्रयोगशाला सेवा र औषधी उपकरण आदिको मापदण्ड अनुसारको गुणस्तरयुक्त र नियमित आपूर्ति सुनिश्चित गर्नु पर्ने छ ।

ज. स्थानीय आवश्यकता अनुसार सामाजिक उत्तरदायित्व वहन गर्ने, उपयुक्त सीप र दक्षता भएका विभिन्न तह र प्रकारका स्वास्थ्य जनशक्तिको सन्तुलित उत्पादन, स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरूको निरन्तर उपस्थिति, स्वास्थ्यकर्मीहरूको सुरक्षा आदिमा देखिएका जटिलताहरूलाई योजनाबद्ध रुपमा सम्बोधन गर्न आवश्यक छ ।

झ. स्वास्थ्यमा निजी क्षेत्रको लगानीलाई आमनागरिकको हितमा प्रभावकारी बनाउन र उपयुक्त ठाउँमा लगानी वृद्धि गर्नु जरूरी छ ।

ञ.नगरपालिकाले स्वास्थ्य क्षेत्र सँग सम्वन्धित ऐन नियम एवं सो को कार्यान्वयन गर्न आवश्यक निर्देशिका तथा कार्यविधिहरु यथाशिघ्र तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

ट. स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न तहका सरकारी निकाय, सरकारी तथा गैरसरकारी संघ संस्था साथै निजी क्षेत्र बीचका कार्यक्रमलाई समन्वय गरी प्रभावकारी बनाउनु जरुरी छ ।

**३. निर्देशक सिद्धान्त तथा आधारहरु :**

**३.१ निर्देशक सिद्धान्त :**

नगरपालिकाले गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकहरुको अधिकार सुनिश्चित गर्न तयार गरिएको "स्वास्थ्यनीति २०७७"का निर्देशक सिद्धान्त निम्न बमोजिम छन् :

- नगरवासीहरुको आधारभुत स्वास्थ्य सेवासुनिश्चित गर्ने ।

- स्वास्थ्य सेवामा समतामुलक पहुंच सुनिश्चित गर्ने ।

- स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने ।

- वहु क्षेत्रिय साझेदारी तथा सहकार्य गर्ने ।

- स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, ।

- स्वास्थ्य प्रवर्धनलाई प्राथमिकता दिने ।

**३.२. नीति निर्माणका आधारहरु :**

-वर्तमान नेपालको संविधान ।

-स्थानीय सरकार संचालन ऐन २०७४ ।

-राष्ट्रिय स्वास्थ्य नीति ।

-संघ, प्रदेश र स्थानीय सरकारको कार्य विस्तृतीकरण ।

विद्यमान राष्ट्रिय नीति, रणनीति निर्देशिका मापदण्ड, कार्यक्रम तथा सूचकहरु, दिगो विकास लक्ष्यहरु, विगतमा देखिएका उपलब्धीहरु तथा स्थानीय परिस्थिति, आवश्यकता र प्राथमिकता ।

**४. भावि सोच :**

सबै नगरवासीहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रहि उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने ।

५. ध्येय :

नेपालको संविधानले नागरिकलाई दिनुपर्ने भनी किटान गरेको निःशुल्क स्वास्थ्य सेवा निरन्तर उपलब्ध गराउने, स्वास्थ्य सेवासंग आवद्ध संस्था वा निकायले प्रदान गरी आएका क्षेत्रगत सेवालाई सरोकारवालाहरु सम्म सुव्यवस्थित ढंगले पुर्‍याउन आवश्यक निर्देशन गर्ने, आकस्मिक स्वास्थ्य सेवालाई व्यवस्थित रुपमा लागु गर्ने ।

६. लक्ष्य :

न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा नगरवासीको पहुँच बृद्धि गर्ने ।

७. उद्देश्यहरू :

'भीरकोट नगर स्वास्थ्यनीति, २०७७' का उद्देश्यहरु :

क. आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।

ख. प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

ग. नगरवासीको स्वास्थ्य सुरक्षा अभिबृद्धि गर्ने ।

घ. स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र सहभागिता प्रवर्धन गर्ने ।

८. नीतिहरु

माथि उल्लेखित उद्देश्य प्राप्त गर्नका लागि निम्नानुसारका नीति तथा रणनीतिहरु अवलम्बन गरिने छ ।

८.१ बाल स्वास्थ्य

८.१.१.खोप सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न स्वास्थ्य कार्यालय संग समन्वय गरी खोप तथा सामाग्रीको आपूर्ति, व्यवस्थापन, भण्डारण व्यवस्थित गरिनेछ ।

८.१.२.पुर्ण खोप प्राप्त गर्ने बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न र यसको दिगोपनालाई निरन्तरता दिन हरक आ.व. को खोप महिना बैशाख मा खोप लगाउने, लगाएका र लगाउन छुटेका बालबालिकाहरुको तथ्यांक सबै स्वास्थ्य संस्थाहरुले अनिवार्य अद्यावधिक गराइनेछ साथै पुर्ण खोप पाएका बालवालिकाहरुलाई पुर्ण खोप प्रमाणपत्र दिने व्यवस्था मिलाइनेछ ।

८.१.३.दशैं तिहार पर्व बाहेक जुनसुकै अवस्थामा पनि अनिवार्य खोप केन्द्र संचालन गर्ने व्यवस्था मिलाई हरेक वडामा खोप समन्वय समिति बनाई आवश्यक सहयोग, अनुगमन तथा सुपरिवेक्षण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

८.१.४.नवजात शिशु तथा बाल मृत्युदर कम गर्न सम्पुर्ण स्वास्थ्यकर्मीहरुलाई CBIMNCI तालिम को व्यवस्था गरी नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापन मार्फत उपचार सेवा लाई प्रभावकारी बनाइनेछ ।

८.१.५. प्रशुती गृह (बर्थिङ्ग सेन्टरहरु) मा सुत्केरी भएका महिला तथा नवजात शिशुहरुलाई न्यानो झोला वितरण तथा नाभीमलम लगाउने कार्यलाई निरन्तरता दिदै कम्तीमा २४ घण्टा स्वास्थ्य संस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।

८.१.६. बालबालिकाको पोषण अवस्थालाई ध्यान दिदै खोप क्लिनिक , गाउँघर क्लिनिक र स्वास्थ्य संस्थाहरुबाट २ बर्ष मुनिका हरेक बालबालिकाहरुको हरेक महिना २४ महिना सम्म तौल बृद्धी अनुगमन गर्ने ,रेकर्ड चुस्त राख्ने र सो का लागी हरेक अभिभावकहरुलाई विभिन्न कार्यक्रम द्धारा उत्साहित गरिनेछ ।

८.१.७. हरेक वडामा हरेक बर्ष लक्षित जनसंख्यालाई नछुट्ने गरी अनिवार्य रुपमा पोषण सप्ताह मनाइनेछ ।

८.१.८.कुनै पनि बालबालिका नछुट्ने गरी महिला स्वास्थ्य स्वयंसेविका मार्फत बर्षको २ पटक भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्यलाई निरन्तरता दिइनेछ ।

८.१.९.पोषण तथा स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रबर्धन, उत्पादन, पहुँच र प्रयोग बिस्तार गरिने साथै "हरेक बार खाना चार" भन्ने भनाइलाई व्यवहारमा उतार्नका लागी स्वास्थ्य आमा समुह बैठक तथा म.स्वा.स्वं. से. मार्फत व्यापक प्रचार प्रसार गरिनेछ ।

८.१.१०.बालबालिका हरुमा बढदो जंक फुडको प्रयोग तथा विधुतिय सामग्री को प्रयोगलाई निरुत्साहित गर्न विभिन्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

८.१.११. बाल स्वास्थ्यका विभिन्न कार्यक्रम हरु "बालबालिका संग मेयर कार्यक्रम" मार्फत प्रभावकारी रुपमा संचालन गरिनेछ र नगरपालिकालाई बालमैत्री बनाइनेछ ।

## ८.२.<u>सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य कार्यक्रम</u>

### ८.२.१. सुरक्षित मातृत्व

८.२.१.१ "आमाको स्वस्थजीवन नै भविष्यको स्वस्थ जनशक्ति निर्माणको आधारशिला हो" भन्ने तथ्यलाई आत्मसाथ गर्दै आमा तथा नवजातशिशुको समग्र स्वास्थ्य स्थिति सुधार गर्न गर्भावस्था र सुत्केरी अवस्थामा महिलाको स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य रक्षा गर्न बिशेष प्राथमिकता दिइनेछ ।

८.२.१.२.गर्भवति महिलाको पोषण सुधारका लागी चौथो महिना देखी निरन्तर सुत्केरी भएको एक महिना सम्म हरेक दिन एक आइरन चक्कीको साथमा एक अण्डा वितरण कार्य लाई निरन्तरता दिदै कम्तीमा पनि ४ पटक गर्भजाँच गर्न प्रोत्साहित गरिनेछ ।

८.२.१.३.हाल संचालनमा रहेको मोबाइल स्वास्थ्य (मेडिक मोबाइल) कार्यक्रम लाई निरन्तरता दिदै ANC जाँच मा डिफल्टर भएका महिलाहरुको म.स्वा.स्वं.से. मार्फत tracing को व्यवस्था मिलाइनेछ ।

८.२.१.४.संचालनमा रहेका बर्थिङ्ग सेन्टरहरुलाई थप सुदृढ गर्दै क्रमश सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई बर्थिङ्ग सेन्टरको रुपमा विस्तार गरिनेछ ।

८.२.१.५.पुर्ण संस्थागत सुत्केरी तथा जिरो होम डेलिभरी अवधारणाको बारेमा व्यापक चेतना जगाउँदै म.स्वा.स्वं.से.,स्वास्थ्य आमा समुह तथा सरोकारवालाहरुलाई सकृय गराइने साथै प्रसुति यातायात खर्च र प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

८.२.१.६.हरेक स्वास्थ्य संस्थामा आइरन चक्की ,अल्बेन्डाजोल,नाभि मलम, एच.आई.भी.परिक्षण किट लगायतका सामग्री निरन्तर आपुर्ति गरिनेछ ।

८.२.२. परिवार नियोजन

८.२.२.१. " परिवार नियोजन , स्मार्ट बन्छ जिवन" कार्यक्रम लाई प्रदेश तथा विभिन्न गैरसरकारी संस्थाहरु संग समन्वय गरी स्थायी बन्ध्याकरण शिविर तथा LARC स्याटेलाईट क्लिनिक संचालन गरी परिवार नियोजन को साधनको प्रयोगदर (CPR) बढाइनेछ ।

८.२.२.२. परिवार नियोजनका पाँच वटै आधुनिक सेवाहरुलाई सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुवाट नियमित रुपमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

८.२.२.३. परिवार नियोजन सेवालाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको रुपमा स्थापित गरिनेछ ।

८.२.२.४. आवश्यकताका आधारमा कम्तीमा १ पटक पायक पर्ने स्थानमा स्थायी बन्ध्याकरण शिविर संचालन गरिनेछ

८.२.२.५. क्रमश सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारी लाई आइ.यु.सि.डी. र इम्प्लान्ट तालिम प्रदान गरी सेवा विस्तार गरिनेछ ।

८.२.२.६. आवश्यकताको आधारमा उपर्युक्त स्थानको छनौट गरी पाठेघर खस्ने , अब्स्ट्रेस्टिक फिस्टुला रोग व्यवस्थापनको लागी निशुल्क जाँच शिविरको आयोजना गरिनेछ ।

८.२.२.७. महिलाको पाठेघरको मुखको क्यान्सरको समयमै निदान गर्न भि.आई.ए. स्क्रिनिङ्ग शिविर संचालन गरिनेछ ।

८.२.२.८. सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम दिगो तथा प्रभावकारी रुपमा संचालनका लागी महिलासंग उपमेयर कार्यक्रम लाई सशक्त रुपमा अगाडी बढाइनेछ ।

८.२.३. <u>सुरक्षित गर्भपतन सेवा</u>

८.२.३.१. नगर भित्रका सबै स्वास्थ्य संस्थाहरुलाई क्रमश सुचिकृत गर्दै निशुल्क तथा गुणस्तरिय सुरक्षित गर्भपतन सेवाको पहुँच, उपलब्धता सुनिश्चित गरिनेछ र असुरक्षित गर्भपतन लाई शुन्यमा झारिनेछ ।

८.२.३.२. नगरपालिका भित्रका दुर्गम क्षेत्रसम्म सुरक्षित गर्भपतन सेवाको तथा अन्य स्वास्थ्य सेवाको पहुँच बढाउन का लागी टेलिमेडिसिन सेवालाई प्रभावकारी रुपमा संचालन गरिने छ।

८.२.४. <u>किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम</u>

८.२.४.१. सबै स्वास्थ्य संस्थाहरुमा क्रमश किशोर किशोरी मैत्री स्वास्थ्य सेवा को शुरुवात गरिनेछ ।

८.२.४.२. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

८.२.४.३. किशोर किशोरीहरुका लागी विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरुमा प्रजनन स्वास्थ्य विशेष गरी परिवार नियोजन तथा सुरक्षित गर्भपतन सम्वन्धी चेतनामुलक कक्षा संचालन गरिनेछ ।

८.२.४.४. हरेक विद्यालयका किशोरीहरुलाई आवश्यक स्यानीटरी प्याडको व्यवस्था मिलाइनेछ

८.३. <u>महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका कार्यक्रम</u>

८.३.१. महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका स्वास्थ्यका मेरुदण्ड हुन भन्ने मन्त्रलाई अवलम्बन गरी म.स्वा.स्वं.सें. तालिम ,प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै हरेकलाई आफ्नो काम प्रति जिम्मेवार बनाइनेछ ।

८.३.२. म.स्वा.स्वं.से. मार्फतस्वास्थ्य आमा समुह बैठक संचालन तथा खाजा खर्च र सचार खर्चको व्यवस्था गरिनेछ साथै समयानुकुल वृद्धी गर्दै लगिनेछ ।

८.३.३. हरेक महिना स्वास्थ्य संस्था स्तरमा महिला स्वास्थ्य स्वयं सेविका हरुको मासिक समिक्षा बैठक संचालन गरिनेछ ।

८.३.४. हरेक महिला सामुदायीक स्वास्थ्य स्वयंसेविका लाई प्रत्येक बर्ष तोकिएको यातायात खर्च र पोषाक भत्ता उपलब्ध गराइेछ ।

८.३.५. ६० बर्ष पुगेका तथा अस्वस्थ भई कामकाज गर्न नसक्ने महिला स्वास्थ्य स्वयंसेवक हरुलाई सम्मानजनक विदाई गरिनेछ ।

८.४. <u>सरुवा रोग तथा माहामारी नियन्त्रण</u>

८.४.१. सरुवा रोग सम्वन्धि जनचेतना अभिवृद्धीका लागी चेतनामुलक कार्यक्रम हरु संचालन तथा सार्वजनिक स्थानहरुमा होडिङ्ग बोर्ड स्थापना गरिनेछ ।

८.४.२. कोभिड १९ जस्ता महामारी लगायत अन्य क्षयरोग , कुष्ठरोग, एच.आई.भी. एडस तथा यौनरोग, औलो जस्ता सरुवा रोगहरुको नियन्त्रण , रोकथाम तथा उपचार सहज रुपमा गर्नका लागी आवश्यक व्यावस्थापन गरिनेछ ।

८.४.३. एच.आई.भी. एडस परिक्षण तथा उपचार सहज बनाउन खिलुङ्ग देउराली स्वास्थ्य चौकी लाई HTC/ART सेन्टर बनाउन पहल गरिनेछ ।

८.४.४. सरुवारोग, महामारी, प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको पूर्व तयारीका लागि संस्थागत विकास गरिने छ ।

८.४.५. कोभिड १९ तथा माहामारी नियन्त्रण एवं विपद् व्यवस्थापन को लागी नगरपालिका स्तरिय RRT तथा संस्था स्तरिय CRRT गठन तथा विपद् व्यवस्थापन कोषको स्थापना गरिनेछ । साथै माहामारी तथा विपद्का लागी आवश्यक औषधिको वफर स्टक गरिनेछ ।

८.५. <u>नसर्ने रोग तथा स्वास्थ्य प्रवर्द्धन</u>

८.५.१.नसर्ने प्रकृतिका रोगहरूको नियन्त्रण तथा उपचार, मुख स्वास्थ्यको प्रवर्धन एवं सडक दुर्घट्ना न्युनिकरण तथा उपचारको व्यवस्था गरिनेछ।

८.५.२. स्वास्थ्य शिक्षा, सूचना तथा संचार मार्फत नागरीकलाई स्वस्थ जीवनशैली अपनाउन सुसूचित गरिने छ।

८.५.३. मानव स्वास्थ्यमा हानी गर्ने प्रशोधीत, तयारी तथा अन्य खाद्यपदार्थको उपभोगलाइ निरुत्साहित गरिने छ।

८.५.४. समुदाय स्तरमा स्वास्थ्यकर आहार, व्यायाम, योग अभ्यासलाई प्रवर्धन गरिनेछ।

८.५.५. लागू पदार्थको नियन्त्रण, मदिराको प्रयोगलाई निरुत्साहित तथा सुर्तिजन्य पदार्थको विक्रिवितरण र प्रयोगको प्रभावकारी नियमन गरिने छ। यस्ता अस्वस्थकर पदार्थहरुको प्रयोगलाई रोकथाम गर्न आवश्यक पैरवी तथा चेतनामूलक कार्यक्रमहरु संचालन गरी यीव्यवहारबाट सिर्जित स्वास्थ्य समस्याको उपचार तथा पुनःस्थापनाको व्यवस्था गरिनेछ

८.६. विद्यालय स्वास्थ्य कार्यक्रम

८.६.१. विद्यालय, क्याम्पसहरुमा स्वास्थ्य सूचना कक्षको स्थापनाका लागि प्रोत्साहित गरिनेछ।

८.६.२. हरेक विद्यालयमा नियमित विद्यार्थीहरुको स्वास्थ्य तथा शारिरीक परिक्षण गरिने व्यवस्था मिलाईनेछ।

८.६.३. शिक्षा शाखा संग समन्वय गरी प्रत्येक विद्यालयका ५ बर्ष माथिका विद्यार्थी हरुलाई वर्षको २ पटक जुकाको औषधि खुवाईने व्यवस्था मिलाईनेछ ।

८.६.४. हरेक विद्यालयमा प्राथमिक उपचार को लागी किट वक्सको व्यवस्था मिलाइनेछ।

८.६.५. हरेक विद्यालयहरुमा प्रत्येक महिना विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाईनेछ।

८.७. जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री कार्यक्रम

८.७.१. यस न.पा. भित्रका प्रत्येक वडाहरुमा जेष्ठ नागरिकहरुको स्वास्थ्य हेरचाहका लागी"मेयर संग जेष्ठ नागरिक कार्यक्रम"लाई प्रभावकारी वनाइनेछ।

८.७.२.नगर भित्रका जेष्ठ नागरिकका लागि तोकिएका उपचार सेवा सरकारी, अस्पतालहरुबाट निःशुल्क गरिने व्यवस्था मिलाईने छ।

८.७.३. प्रत्येक वडामा जेष्ठ नागरीकहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था तथा घरैमा सेवादिने जस्ता विशेष व्यवस्था मिलाईनेछ ।

८.७.४. शारीरिक, मानसिक तथा बौद्धिक अपांगता भएका व्यक्तिहरु, विपन्न तथा लैगिक हिंसा प्रभावित व्यक्तिहरुलाई प्राथमिकतामा राखी स्वास्थ्य सेवा उपलब्ध गराईने छ साथै स्वास्थ्य संस्थाहरुलाई अपाङ्गमैत्री बनाईनेछ ।

८.८. आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धती

८.८.१. आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाह गर्ने ।

८.८.२ स्थानिय जडिवुटी पहिचान, उपयोगिता र प्रयोग सम्वन्धि चेतना जगाउदै उत्पादन, संरक्षण तथा प्रशोधनलाई व्यावसायीकरण गर्न प्रोत्साहन तथा प्रवर्धन गरिने छ ।

८.८.३. आयुर्वेद चिकित्सा प्रणालीमा औषधी तथा जडीवुटी जन्य सामाग्रीको गुणस्तर सुनिश्चिततताको लागी प्रभावकारी नियमको व्यवस्था मिलाइने छ ।

८.८.४. आयुर्वेद चिकित्सा प्रणालीमा अनुसन्धान पद्दतिलाई अभिवृद्धी गरिनेछ ।

८.८.५. वैकल्पिकचिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

८.८.६. धामी झाक्रीहरुलाई तालिम प्रदान गरी बिरामीहरुको वैज्ञानिक मुल्य मान्यता अनुरुप उपचार गरी स्वास्थ्य संस्थामा रेफर गर्ने व्यावस्था मिलाइनेछ ।

८.९. वाताबरणिय स्वास्थ्य तथा सरसफाई

८.९.१. स्वच्छ र सुरक्षित वधशालाको मापदण्ड तयार गरी स्वस्थकर मासु बिक्रिबितरणको व्यवस्था मिलाईने छ ।

८.९.२. पिउने पानीको गुणस्तर मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा वितरण र नियमन गरिनेछ ।

८.९.३. खाद्यपदार्थको उत्पादन, भण्डारण, प्रशोधन तथा विक्रीवितरणका क्रममा स्वास्थ्यलाई प्रतिकुल असर पार्ने खालका रसायनिक पदार्थ विषादी तथा अखाद्य वस्तुहरुको मिसावट र प्रयोगलाइ नियन्त्रण तथा नियमन गरिनेछ ।

८.१०. संस्थागत विकास

८.१०.१. राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु नगरपालिका भित्रका सवै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क रुपमा उपलब्ध गराईनेछ ।

८.१०.२. यस नगरपालिकाको कालिका सामुदायीक अस्पताल सँग समन्वय गरी ५० शैयाको रेफरल अस्पताल बनाउने प्रकृया अगाडि बढाइनेछ र खिलुङ्गदेउराली स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५ शैयाको नगर अस्पतालको रुपमा विकास गरिनेछ ।

८.१०.३. स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री सस्थाको रुपमा विकास गरिने छ ।

८.१०.४. सबै स्वास्थ्य संस्थाहरुलाई मापदण्ड बमोजिम क्रमशः सुविधा सम्पन्न भवन ,फर्निचर , सामग्री तथा उपकरणले सम्पन्न गराइनेछ साथै गाउँघर क्लिनिक तथा खोप केन्द्र भवनको निर्माण गरिनेछ । स्वास्थ्य चौकी नभएका वडाहरुमा क्रमस स्वास्थ्य चौकी निर्माण गर्न पहल गरिने छ । नगरपालिकामा रहेका स्वास्थ्य क्लिनिक तथा अस्पताल, निजी क्लिनिक, औषधी पसल र १५ शैयाको अस्पताल समेतको अनुगमन र मुल्याङ्कन गरिने छ ।

८.१०.५. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुरुप स्थायी र नभएमा करारमा भएपनी कर्मचारीको पदपुर्ति गरिनेछ ।

८.१०.६. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा इन्टरनेटको पहुँच पुरयाई ई- हेल्थ को अवधारणा अनुरुप टेलिमेडिसिन ,अनलाइन रेकर्डिङ्ग, रिपोर्टिङ्ग, आमाको माया केयर , मेडिक मोवाइल जस्ता कार्यक्रमलाई निरन्तरता तथा व्यवस्थित गरिनेछ ।

८.१०.७. स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम तथा पेशागत वृत्ती विकासलाई प्रर्वद्धन गरिनेछ ।

८.१०.८. स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सक्षम र सक्रिय वनाईने छ ।

८.१०.९. स्वास्थ्य सम्वन्धि गतिविधी सञ्चालन गर्ने गैर सरकारी संस्थाहरुलाई एक द्वार प्रणालीमा आवद्ध गरी नगरको प्राथमिकताका आधारमा परिचालन तथा नियमन गरिनेछ ।

८.१०.१०. स्वास्थ्य संस्थामा औषधीको अभाव हुन नदिनका लागि नियमित तथा आपतकालीन रुपमा औषधी खरिद, माग तथा आपुर्तिको व्यवस्था मिलाईनेछ । नगर अन्तरगत खपत हुने औषधि खरिदमा गुणस्तरीय स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ ।

८.१०.११. बिभिन्न स्वास्थ्य संस्थाहरुबाट निस्कासित हुने स्वास्थ्य सेवा जन्य फोहोरको वैज्ञानिक तवरले एकिकृत रुपमा व्यवस्थापन गरिनेछ।

८.१०.१२. स्वास्थ्य क्षेत्रमा खर्च गरिने रकम खर्च नभई लगानी भएको तथ्यलाई आत्मसाथ गर्दै नगरबाट स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै लगिनेछ, साथै बाह्य तथा आन्तरिक सहयोग निकाय एवं नीजि क्षेत्रसंग समन्वय गरी स्वास्थ्यको प्राथमिकता प्राप्त क्षेत्रहरुमा लगानी बढाईने छ ।

८.१०.१३. सम्पुर्ण स्वास्थ्य संस्थाहरु बाट नेपाल सरकारले तोकेको समय अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा बर्थिङ्ग सेन्टर बाट २४सै घण्टा प्रसुति सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

८.१०.१४. स्वास्थ्य संस्था र कर्मचारी लाई प्रोत्साहनका लागी निश्चित मापदण्डको आधारमा पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

८.१०.१५. स्थानीय आवश्यकता सम्बोधनको लागि तथ्य तथा प्रमाणमा आधारित योजना तर्जुमा गरी लागू गर्ने र योजना प्रक्रियामा विभिन्न क्षेत्र तथा बर्गको सहभागिता सुनिश्चित गरिनेछ ।

८.१०.१६. कानूनी व्यवस्था गरी निजि तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित अस्पताल, निदान केन्द्र, औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुको सञ्चालन अनुमति, नविकरण, सहजिकरण र नियमन गरिनेछ ।

८.१०.१७ नगरपालिका भित्रका सम्पुर्ण नगरवासीहरु लाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गरी नगर अस्पताल बाट विमा सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

## ९. वित्तीय श्रोत

- नेपाल सरकार अर्थात संघिय सरकार बाट प्राप्त शशर्त अनुदान
- प्रदेश सरकार बाट प्राप्त अनुदान
- भीरकोट नगरपालिकाको आन्तिरिक श्रोत

- गैरसरकारी संस्थाहरु तथा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग

## १०. अनुगमन तथा मुल्यांकन

यस नीति अन्तरगत स्वास्थ्य सेवाका विविध पक्षको नियमित रुपले अनुगमन र मुल्यांकनको व्यवस्था गर्न चुस्त र प्रभावकारी प्रणाली बनाई कार्यान्वयनमा ल्याईने छ। यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अनुगमन मुल्यांकन खाका सहितको बिस्तृत कार्य योजना बनाई लागु गरिनेछ ।

## ११. जोखिम

राज्य पुन:संरचनाको प्रारम्भिक चरण, बढदो जनआकांक्षा, बढदो बसाई सराई तथा जनसंख्या बृद्धी ,नगरपालिकाको संस्थागत विकासको चरणमा रहेको, सिमित साधन श्रोत र नगरको प्राथमिकता, स्वास्थ्य समग्र विकासको मुद्दाका रुपमा स्थापित गराउनु पर्ने विद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन।

माथि उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिक तयार गर्न " भीरकोट नगरपालिकाको स्वास्थ्य नीति २०७७ " को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।